नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मितिः २०७२/०२/०४

विषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०४ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठकः

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका ३८ देशका १२७ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरुमध्ये आजसम्म ७० वटा मेडिकल टिमका १६७० जना आफ्नो काम पुरा गरि फर्किएका छन् भने ५६ वटा टीमहरु अहिले आ-आफ्नो तोकिएको क्षेत्रमा कार्यरत भएको जानकारी प्राप्त भएको छ ।
- श्रीमान् स्वास्थ्य तथा जनसंख्या सचिवज्यूको समुपस्थितिमा निजी अस्पतालको छाता संगठन अफिन (APHIN) र गैर सरकारी अस्पताल संघ (ANGHOS) का अध्यक्षलगायतका प्रतिनिधिहरुसंग भएको छलफलमा नेपाल ईन्जिनियरिङ परिषद्बाट मान्यता प्राप्त सिभिल इन्जिनियर (Structural) बाट मिति २०७२ बैशाख १२ गतेको भूकम्प र यसका पराकम्पनहरुबाट अस्पताल भवन संरचनामा परेको असरको Rapid Visual Assessment परीक्षण गराई १ हप्ताभित्र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने सहमति गरियो ।
- राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रले May देखि October 2015 सम्मको लागि Post –Earthquake Communication Plan को लागि ड्राफ्ट तयार गरेको छ ।
- नेपाल रेडक्रस सोसाईटीले आनन्दबन अस्पताल, Spinal Injuries Rehabilitation Centre र धुलिखेल अस्पताललाई टेन्ट उपलब्ध गराएको छ ।

२. उपकरण र औषधिः

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।

३. स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषयः

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

.................................
डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय